वीरेन्द्रनगर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## वीरेन्द्रनगर, सुर्खेत ।

अक्सिजन प्लाण्ट सञ्चालन सम्बन्धि

# दरभाउपत्र फारम

## आ.व. २०७८/०७९

## राजश्व ठेक्का नम्बर BM/078/79/Revenue/06

# वोलपत्र आह्वान सम्बन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति २०७८ पौष १ गते)

वीरेन्द्रनगर नगरपालिका वडा न ७ मा रहेको नगर अस्पताल परिसरमा रहेको अक्सिजन प्लाण्ट निजि क्षेत्रद्वारा सञ्चालन गर्नु पर्ने भएकोले स्वीकृत कार्यविधि बमोजिम सञ्चालनका लागि १५ दिने सूचना आह्वान गरिएको छ। सो सम्बन्धमा बिस्तृत विवरण र आवश्यक कागजात यस कार्यालयको वेवसाईट www.birendranagarmun.gov.np मा राखिएकोले उक्त वेवसाईट बाट डाउनलोड गरी विस्तृत जानकारी लिनुका साथै अन्य बोलपत्र सम्बन्धी कागजात यस नगरपालिकाको कार्यालयबाट खरिद गरी लिन

| क्र. सं. | आय ठेक्का नं. | विवरण | न्यूनतम बार्षिक प्रस्ताविक आम्दानीको १० प्रतिशतले हुन आउने रकम रु | बोलपत्र जमानत | बोलपत्र खरीद गर्ने अन्तिम मिति र समय | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोलिने मिति र समय | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | BM/078/79 / Revenue/06 | वीरेन्द्रनगर नगरपालिका को अक्सिजन प्लान्ट संचालन गर्ने | १८,७२,००० | ४६,८०० | २०७८-०९-१५ कार्यालय समय सम्म | २०७८-०९-१६ बिहान १२ बजे सम्म | २०७८-०९-१६ दिउँसो २ बजे | १००० |

सकिने छ।

- दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोलिने दिनमा सार्वजनिक विदा पर्न गएमा विद्युतीय माध्यममा नै उल्लेख भए बमोजिम सोको लगत्तै कार्यालय खुलेको दिनमा सो कार्यहरु गरिनेछ।

दरभाउपत्र खरिदकर्ताले दरभाउपत्र फारम खरिद गर्दा मु.अ.कर दर्ताको प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र, फर्म दर्ता र नविकरणको प्रमाण, आफु वा आफ्नो फर्म कुनै पनि ठेक्का व्यवशाय गर्न कालो सुचीमा नपरेको भनी स्वघोषणा, स्थानीय व्यवसायको हकमा व्यवसाय दर्ता प्रमाणपत्र लगायत नगरपालिकाको अक्सिजन प्लान्ट निजि क्षेत्र द्वारा सञ्चालन गर्ने कार्यविधि, २०७८ बमोजिम आवश्यक हुने सम्पुर्ण कागजातको प्रमाणित प्रतिलिपिका स्क्यानिंग गरेर कार्यविधि बमोजिम नगद रु. १०००। पछि फिर्ता नहुने गरी यस नगरपालिकाको रा.बा. बैंक, सुर्खेत शाखामा रहेको संचित कोष खाता नम्बर Ga 1-1 408-0100301010004 मा जम्मा गरी सोको समेत स्क्यान प्रति संलग्न गर्नुपर्नेछ।

- ठेक्कामा भाग लिन चाहने इच्छुक व्यवशायी फर्मले माथि उलेखित बोलपत्र जमानत बापतको धरौटी रकम यस नगरपालिकाको रा.वा. बैंक, सुर्खेत शाखामा रहेको **ग-३ धरौटी खाता नं :** 408-01003030004 मा जम्मा गरेको भौचरको प्रति वा दरभाउपत्र खोल्ने दिनबाट कम्तीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त क बर्गको बैंकबाट जारी जमानत (विडबण्ड) को प्रति समावेश गर्नुपर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

# <u>नगरपालिकाको अक्सिजन प्लान्ट निजि क्षेत्रद्वारा सञ्चालन गर्ने कार्यविधि, २०७८</u>

**<u>प्रस्तावना</u>** : वीरेन्द्रनगर नगरपालिकाभित्र स्वास्थ्य सेवाबाट कुनै पनि नागरिक बञ्चित हुने अवस्था आउन नदिन उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै नेपालको संविधानले स्थानीय तहलाई प्रत्याभूत गरेको स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यान्वयन गर्न, नगरपालिकाबाट उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवा लगायत कोभिड-१९ बाट देश आक्रान्त भइरहेको अवस्थामा यस क्षेत्रका जनताहरुलाई अक्सिजनको अभाव हुन नदिई प्रभावकारी, व्यवस्थित र गुणस्तरीय स्वास्थ्य सेवा दिन चौधरी फाउन्डेसन तथा वीरेन्द्रनगर नगरपालिका एवं सामाजिक विकास मन्त्रालय, कर्णालि प्रदेशको साझेदारिमा स्थापित अक्सिजन प्लान्ट लाई निजि क्षेत्र द्वारा सञ्चालन गर्न वाञ्छनीय भएकोले,

वीरेन्द्रनगर नगरपालिका र सि. जी. फाउन्डेसनका बिच २०७८।०२।०३ गते भएको सम्झौता र वीरेन्द्रनगर नगरपालिका र सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश बिच २०७८।०२।२८ गते भएको सम्झौता बमोजिम, वीरेन्द्रनगर नगरपालिका नगर कार्यपालिकाको मिति २०७८ ,     ,  गतेको 122 औं बैठकले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (क) यो कार्यविधिको नाम वीरेन्द्रनगर नगरपालिकाको "**<u>नगरपालिकाको अक्सिजन प्लान्ट निजि क्षेत्र द्वारा सञ्चालन गर्ने कार्यविधि, २०७८</u>**" रहेको छ।

(ख) यो कार्यविधि नगर कार्यपालिकावाट पारित भएको मिति देखि लागु हुनेछ

२. **<u>परिभाषा</u>** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **"अक्सिजन प्लान्ट"** भन्नाले वीरेन्द्रनगर नगरपालिकाले सि. जि. फाउन्डेसन र सामाजिक विकास मन्त्रालय, कर्णाली प्रदेश सँग साझेदारी गरि संचालन गरेको अक्सिजन प्लान्टलाई सम्झनुपर्छ।

(ख) **"कार्यपालिका"** भन्नाले वीरेन्द्रनगर नगरपालिकाको नगर कार्यपालिका सम्झनुपर्छ।

(ग) **"कार्यविधि"** भन्नाले "नगरपालिकाको अक्सिजन प्लान्ट निजि क्षेत्र द्वारा सञ्चालन गर्ने कार्यविधि, २०७८" सम्झनुपर्छ ।

(घ) **"नगरपालिका"** भन्नाले वीरेन्द्रनगर नगरपालिका सम्झनुपर्छ ।

(ङ) **"पदाधिकारी"** भन्नाले हेण्डलिङ्ग समितिका अध्यक्ष, सदस्य लगायतका पदाधिकारीलाई सम्झनुपर्छ ।

(च) **"समिति"** भन्नाले दफा ८ बमोजिम गठित समितिलाई सम्झनुपर्छ।

(छ) **"सि. जि. फाउण्डेसन"** भन्नाले बाग्मति प्रदेश, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. २, सानेपास्थित चौधरी फाउन्डेशन सम्झनु पर्छ।

## परिच्छेद-२

## दायित्व

३. **नगरपालिकाको दायित्वः** (क) अक्सिजन प्लान्टको स्थापना गरी चालु अवस्थामा प्लान्टको जिम्मा दिने ।

(ख) विद्युतको लाईन जडान गर्ने।

(ग) प्लान्टका लागि आवश्यक जग्गा (स्थान) कम्पाउन्डिङ्ग तथा अन्य भौतिक संरचना तयार गर्ने।

(घ) आफुसँग भएका अक्सिजन सिलिन्डर फिर्ता लिनेगरी व्यवस्था गर्ने ।

(ङ) अक्सिजन प्लान्टको मुल्य निर्धारण, नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने ।

(च) अक्सिजन सिलिण्डरको मूल्य निर्धारण गर्न नीजि गर्न क्षेत्रसँग समन्वयनमा गर्ने ।

४. **निजि क्षेत्रको दायित्वः**

(क) प्लान्ट सञ्चालनका लागि आवश्यक पर्ने विद्युत, पानी, कर्मचारी, कच्चा पदार्थ, मर्मत संभार लगायतका सम्पूर्ण आवश्यक पर्ने खर्चहरु व्यहोर्ने ।

(ख) आवश्यक पर्ने नयाँ सिलिन्डर आफै खरिद गरी भर्ने ।

(ग) अक्सिजन प्लाण्टको सम्पुर्ण सुरक्षा आफै गर्ने ।

(घ) नगरपालिका सि जि फाउन्डेसन तथा प्रदेश सरकार बाट अक्सिजन माग भएमा जुनसुकै बखत पनी उपलब्ध गराउनु पर्ने ।

(ङ) नगरपालिका र सि. जि. फाउण्डेसन समेतको ब्रान्डिङ्ग तथा लोगो राख्नुपर्ने ।

(च) प्लान्टको सम्पूर्ण मर्मत संभार आफै गर्नुपर्ने ।

५. **प्रदेश सरकारको दायित्वः** अक्सिजन सिलिनडरको मुल्य निर्धारण, नियमित अनुगमन तथा मुल्याङ्कन गर्ने ।

६. **सि. जि. फाउन्डेसनको दायित्वः** नियमित अनुगमन समन्वय तथा मुल्याङ्कन गर्ने ।

## परिच्छेद-३

## निजि क्षेत्र छनोट विधि तथा हेन्डलिङ्ग समिति सम्बन्धि व्यवस्था

७. **निजि क्षेत्रलाई अक्सिजन प्लान्ट उपलब्ध गराउने विधिः** (क) निजि क्षेत्रलाई अक्सिजन प्लान्ट उपलब्ध गराउनका लागी १५ दिने सुचना निकाली प्रतिस्पर्धात्मक तरिका द्वारा छनोट हुनेछ।

(ख) उत्पादन क्षमताको न्युनतम १० प्रतिशत अक्सिजन वा सो बराबरको नगद बढिबढाई नगरपालिकालाई उपलब्ध गराउनु पर्ने छ ।

(ग) प्लान्ट सञ्चालन हुन नसकेमा धरौटी जफत भई सम्झौता अन्त्य हुने ।

(घ) सार्वजनिक नीजि साझेदारी नीती सार्वजनिक खरिद कानून र अन्य प्रचलित कानून अनुसार सूचना तथा सम्झौताका शर्तहरु कार्यालयले कायम गर्ने ।

८. **अक्सिजन प्लान्ट हेन्डलिङ् समितिः** अक्सिजन प्लान्ट सम्वन्धि आवश्यक कार्य गर्न नगरपालिकाले देहाय बमोजिमको समिति गठन गर्नेछ ।

क) अध्यक्ष- नगर प्रमुख

ख) सदस्य- सि जि प्रतिनिधि १ जना

ग) सदस्य- प्रतिनिधि सामाजिक विकास मन्त्रालय १जना

घ) सदस्य-

## परिच्छेद-४

## अन्य व्यवस्था

९. **अक्सिजन प्लाण्ट सञ्चालन सम्वन्धि अन्य व्यवस्थाः** (क) निजि क्षेत्रले आपतकालिन अवस्थामा नगरपालिकालाई माग गरे बमोजिम उत्पादनको १०० प्रतिशत सम्मको अक्सिजन उपलब्ध गराउनु पर्ने छ ।

(ख) निजि क्षेत्र सँग ५ वर्षका लागि सम्झौता गरिने छ ।

(ग) अन्य कुरा अक्सिजन प्लान्ट स्थापना गर्दा गरीएको सम्झौता,प्रचलित कानुन तथा वीरेन्द्रनगर नगरपालिकाको नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**मुल्य सुची**

# बिल अफ क्वान्टिटीज

## ठेक्काको नाम : वीरेन्द्रनगर नगरपालिकाको अक्सिजन प्लान्ट संचालन सम्बन्धी ठेक्का

| सि.नं | सूचना नं. | कामको विवरण | न्यूनतम प्रस्तावित बार्षिक आम्दानीको १० प्रतिशतले हुने रकम रु | बार्षिक कबोल अंक रकम रु. | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | अंकमा | अक्षरमा | |
| १ | BM/078/79/ Revenue/06 | वीरेन्द्रनगर नगरपालिकाको अक्सिजन प्लान्ट निजि क्षेत्र द्वारा सञ्चालन गर्ने कार्यविधि, २०७८ बमोजिम संचालन गरि नगरपालिकालाई बुझाउने बार्षिक रोयल्टि | १८,७२,०००।- | | | ठेक्का अवधि सम्झौता अवधिले ५ वर्ष |

**<u>बोलपत्र पेश गर्ने</u>**

फर्मको नाम (छाप सहित) :
आधिकारीक व्यक्तिको नाम :
हस्ताक्षरः
सम्पर्क नम्बरः